# विषयसूची

परिच्छेद १ .......... 3
*१.१* परिचय *(Introduction)* .......... 3
१.१.१ पृष्ठभूमी (General Background) .......... 3
१.१.२ भौगोलिक अवस्थिती (Geographic Location) .......... 3
१.१.३ निकुञ्ज घोषणाका उद्वेष्यहरू (Objectives of National Park) .......... 4
*१.२* जैविक विविधता (Biodiversity) .......... 4
१.२.१ वन तथा वनस्पती (Flora) .......... 4
*१.३* वन्यजन्तु (Wildlife) .......... 5
१.३.१ स्तनधारी (Mammals) .......... 5
१.३.२ पंक्षी (Avifauna) .......... 6
१.३.३ सरिसृप तथा उभयचर (Herpetofauna) .......... 6
१.३.४ किटपतंग (Insects) .......... 6
*१.४* जलश्रोत (Water resources) .......... 7
*१.५* भौतिक पूर्वाधार (Infrastructure) .......... 8
*१.६* मृग अनुसन्धान केन्द्र तथा कालिज पालन केन्द्र .......... 8
परिच्छेद २ .......... 9
२.१ बजेट शीर्षक बमोजिम संचालित कार्यक्रमहरुको प्रगति विवरण .......... 9
२.१.१ राष्ट्रिय निकुञ्ज आयोजना (३२९११५–३|४) .......... 9
परिच्छेद ३ .......... 14
३.१ शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज कार्यालयको सांगठानिक ढाँचा .......... 14
३.१.१ दरवन्दी विवरण : .......... 14
३.१.२ शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जको सांगठानिक ढाँचा : .......... 15
परिच्छेद **४** .......... 17

४.१ राजश्व ⁄ पर्यापर्यटन ........ 17

परिच्छेद ५ ........ 21

५.१ विविध : ........ 21

परिच्छेद ६ ........ 23

*६.१* अनुसूचीहरू ........ 23

अनुसूची १: शिवपुरी नागार्जुन रा.नि.मा पाईने स्तनधारी जनावरहरू : ........ 23

अनुसूची २: शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जमा उचाई अनुसार पाईने मुख्य वनस्पतिहरु :... 24

अनुसूची ३: आ.व. २०७०/०७१ मा गोदावरी र रानीवनमा रहेको चित्तल, रतुवा तथा सुनौलो कालिजको संख्या : ........ 25

अनुसूची ४: आ.व. २०७०|७१ मा खानेपानी मर्मत तथा जडानका लागि अनुमति लिने उपभोक्ता समितिहरु : ........ 26

अनुसूची ५: आ.व. २०७०|७१ मा शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज क्षेत्रमा अध्ययन अनुसन्धान गर्ने ब्यक्ति ⁄ संस्थाहरुको विवरण : ........ 28

अनुसूची ६: आ.व. २०७०|०७१ मा दर्ता भई कारवाहीमा रहेका मुद्दाहरु :........ 30

अनुसूची ७: शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज घोषणा भएको नेपाल राजपत्र :........ 32

# परिच्छेद १

## *१.१ परिचय (Introduction)*

### १.१.१ पृष्ठभूमी (General Background)

शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज काठमाण्डौंको उत्तर र पश्चिममा अवस्थित राजधानी देखि सवैभन्दा नजिक (सिंहदरवारदेखि १३ कि.मि.) रहेको निकुञ्ज हो । यो निकुञ्ज शिवपुरी र नागार्जुन गरी दुई वन क्षेत्रलाई समेटेर घोषणा गरिएको छ । काठमाण्डौं उपत्यकाको उत्तरतर्फ काठमाण्डौं, नुवाकोट र सिन्धुपाल्चोक जिल्लाका केहि भागमा अवस्थित शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज जनसंख्याको चापवाट भएको वन विनाश र भू-क्षयलाई नियन्त्रण गरि काठमाण्डौं उपत्यकाको खानेपानी समस्या समाधानार्थ आ.व. २०३१/३२ (सन् १९७६) मा शिवपुरी जलाधार संरक्षण क्षेत्रको रूपमा वन, वन्यजन्तु, वातावरण र पानीका मुहानहरू संरक्षण गर्ने उद्देश्यका साथ सुरूवात भएको हो । यो क्षेत्रलाई सन् १९७८ मा शिवपुरी जलाधार तथा वन्यजन्तु आरक्षको रूपमा घोषणा गरि जलाधार क्षेत्र संरक्षणको सिमित दायराबाट प्रजाति तथा पारिस्थितीकीय प्रणाली संरक्षणको अवधारणा अन्तर्गत संरक्षण गर्न सुरू गरियो । यो क्षेत्रलाई वि.सं. २०५८ (सन् २००२) सालमा राष्ट्रिय निकुञ्ज घोषणा गरि गरि जैविक विविधता संरक्षण, धार्मिक सांस्कृतिक सम्पदाको संरक्षण, पर्यापर्यटन विकास तथा जलाधार संरक्षण गर्ने उद्देश्यका साथ संरक्षण कार्यलाई नया मोडलमा संचालन गर्न थालियो । स्थापना कालमा कूल १४४ वर्ग कि.मी. क्षेत्रफल रहेको यस निकुञ्ज वि.सं. २०६५ (सन् २००९) सालमा नागार्जुन शाही वनको रूपमा रहेको वनक्षेत्र (१५ व.कि.मी.) समेतलाई यसै निकुञ्जमा गाभेर शिवपुरी नागार्जुन रा.नि.का नामाकरण भयो । यस निकुञ्जको कूल क्षेत्रफल **१५९** (शिवपुरी १४४ वर्ग कि.मि. र नागार्जुन १५ वर्ग कि.मि.) वर्ग कि.मि. रहेको छ । नागार्जुन वन क्षेत्र शिवपुरी नागार्जुन रा.नि.मा गाभिनु अघि जिल्ला वन कार्यालय, काठमाण्डौंले व्यवस्थापन गरिरहेको थियो । उक्त क्षेत्र राजा सुरेन्द्रको पाला (वि.सं. १९२६) को शाही उर्दीको शीलालेखमा उल्लेख भएअनुसार नागार्जुन वन क्षेत्रको जैविक विविधता संरक्षणमा राज्यले महत्व दिएको पाईन्छ । समुन्द्र सतहको १३५० मीटर देखि २७३२ मीटरसम्मको उचाईमा फैलिएको यस निकुञ्जमा उपोष्ण (Sub-tropical) देखि समशितोष्ण (Temperate) वन पाईन्छ । (निकुञ्ज घोषणाको नेपाल राजपत्र अनुसूची ७ मा उल्लेख गरिएको छ ।)

### १.१.२ भौगोलिक अवस्थिती (Geographic Location)

काठमाण्डौ उपत्यकाको उत्तर पश्चिम सीमानामा अवस्थित यस निकुञ्जले काठमाण्डौ, नुवाकोट, सिन्धुपाल्चोक, र धादिङ जिल्लाका आंशिक भूभागमा फैलिएको छ । भोगोलिकरूपमा यसको शिवपुरी वन क्षेत्र २७°४५' देखि २७°५२' उत्तर अक्षांश तथा ८५°१५' देखि ८५°३०' पूर्व देशान्तरसम्म फैलिएको छ । यसैगरि काठमाण्डौं र धादिङ जिल्लामा फैलिएको नागार्जुन वन क्षेत्र २७°४३' देखि २७°४६' उत्तरी अक्षांश तथा ८५°१३' देखि ८५°१८' पूर्वी देशान्तरसम्म फैलिएको छ । यो निकुञ्जको शिवपुरी खण्ड पूर्वमा सिन्धुपाल्चोक जिल्लाको हैवुङ तथा भोटेचौर देखि पश्चिममा नुवाकोट जिल्लाको ककनीसम्म र नागार्जुन क्षेत्र काठमाण्डौं जिल्लाको गोलढुङ्गा तथा जीतपुर देखि धादिङ जिल्लाको छत्रेदेउरालीसम्म फैलिएको छ ।

जिल्लागत क्षेत्रफलको विस्तृत वर्णन तलको तालीकामा देखाईएको छ ।

| क्र.सं. | वनक्षेत्रको अवस्थिति | **क्षेत्रलफ (वर्ग किलोमिटरमा)** | | | | |
|---|---|---|---|---|---|---|
| | | सिन्धुलाल्चोक | नुवाकोट | धादिङ | काठमाण्डौं | जम्मा |
| १. | शिवपुरी वनक्षेत्र | १३ | ३६ | ० | ९५ | १४४ |
| २. | नागार्जुन वनक्षेत्र | ० | ० | ७.३ | ७.३ | १५ |
| कुल | दुवैक्षेत्रको गरी | १३ | ३६ | ७.३ | १०२.७ | १५९ |
| **कुल प्रतिशत (दुवैको)** | | **८.१८%** | **२२.६४%** | **४.५९%** | **६४.५९%** | **१००.००%** |

### १.१.३ निकुञ्जका उद्देष्यहरू (Objectives of National Park)

मुख्य रूपमा निकुञ्जको उद्देश्यहरू निम्न वमोजिम रहेका छन्:

- जलाधार क्षेत्रलाई उचित व्यवस्थापन गरेर दिगो रूपमा खानेपानी पुन: संभरण (Recharge) गर्ने ।
- जैविक विविधता संरक्षण गर्ने ।
- पर्यापर्यटनको माध्यमवाट पर्यटन व्यवसायको विकास गर्ने ।
- संरक्षण शिक्षाका लागि निकुञ्ज क्षेत्रलाई नमूनाको रूपमा विकास गरी जैविक विविधता संरक्षणको जनचेतना अभिवृद्धि गर्ने ।
- जैविक विविधताको संरक्षण एकल प्रयासबाट मात्र प्रभावकारी रूपमा हुन नसक्ने हुँदा स्थानीय जनतालाई पनि सरिक वनाउने उद्देश्यले प्रस्तावित मध्यवर्ती क्षेत्र कार्यक्रममार्फत जैविक विविधता संरक्षण तथा सामुदायिक विकासमा स्थानीय बासिन्दाहरूको सहभागिता बढाउने ।

## *१.२ जैविक विविधता* (Biodiversity)

### १.२.१ वन तथा वनस्पती (Flora)

यस निकुञ्जले नेपालको मध्यपहाडी क्षेत्रको जैविक विविधताको प्रतिनिधित्व गर्दछ । यहाँप्राकृतिक पुनरूत्पादनबाट हुर्केको वन पाईने भए पनि केही नांगो डाँडाहरूमा वृक्षारोपण गरेर संवर्धन गरिएको वनले २००० हेक्टर क्षेत्रफल ओगटेको छ, जसमा उत्तिस र सल्ला प्रजातिका रूखहरू रोपन भएको थियो । क्षेत्रफलमा सानो क्षेत्र भएता पनि यसको भौगोलिक विविधताले गर्दा यहाँवनस्पतिहरूको विविधतामा प्रचूरताछ । यस निकुञ्जमा तल्लो मिश्रित चौडापाते वन (Lower mixed hardwood forest), रानीसल्ला/खोटेसल्लाको वन (Chirpine forest), उपल्लो मिश्रित चौडापाते वन (Upper mixed hardwood forest) तथा खस्रु वन (Oak forest) गरि मुख्य चार प्रकारका वन पाईन्छ ।

माथि उल्लिखित वनका प्रकारहरूका अलावा यहाँ पाईने ३५ प्रजातिका गैरकाष्ठ वन पैदावारहरू मध्ये लौठसल्ला *(Taxus wallichiana)*, लोक्ता *(Daphne voluwa)*, बोझो *(Acorus calamus)*, धसिंगरे *(Gultheria fragrantissima)*, ठूलो ओखती *(Astilbe rivularis)*, पाषाणभेद *(Bergenia ciliata)*, मजिठो *(Rubia mangith)*, *Aconitum sp.* आदि महत्वपूर्ण हुन् । यस निकुञ्जका पाहिने वनस्पतिको प्रजातिहरू निम्नानुसार छन् ।

| वनस्पतिको नाम | प्रजाति संख्या |
|---|---|
| खानयोग्य तथा बिषालु च्याउ | १२९ |
| Vascular Plants (Dicotyledons) | ७८८ |
| Cascular Plants (Monocotyledons) | ३२४ |
| CyMnosperm | ६ |
| Pteridophytes | १३२ |
| जम्मा प्रजाति | १२४९ |

पैयुँ प्रजातिमा पर्ने *Prunus carmiciana* नेपालकै एक त्यस्तो रैथाने (endemic) वनस्पती हो जुन यस रा.नि.को धाप क्षेत्रमा मात्र पाईन्छ र यो प्रजाति एउटा संकटापन्न वनस्पती पनि हो (Shrestha, 2013). (विस्तृत विवरण अनुसूचीा२ मा उल्लेख गरिएको छ ।)

## *१.३ वन्यजन्तु* (Wildlife)

### १.३.१ स्तनधारी (Mammals)

शिवपुरी नागार्जुन रा.नि.क्षेत्रमा २३ प्रकारका स्तनधारी (चमेरा प्रजातितथा केही मुसा/खरायो प्रजाती वाहेक) प्रजाति पाईन्छन् । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ अनुसार यस निकुञ्जमा ५ प्रजातीका संरक्षित वन्यजन्तुहरू पाईन्छन् । (जस्तै १. ध्वाँसे चितुवा (*Pardofelis nebulosa*), २. चरिवाघ (*Prionailurus bengalensis*), ३. चाईनिज सालक (*Manis pentadyctylla*), ४. भारतिय सालक (*Manis crassicaudata*), ५. आसामी बाँदर (*Macaca assamensis*).) यस वर्ष क्यामेरा ट्राप तथा करिव ३।४ महिनाको बच्चालाई चितुवाले मारेको अवस्थामा भेटिनुले यहाँ उल्लेख्य रूपमा भालुको संख्या भएको पुष्टी भएको छ । त्यसैगरी Convention on International Trade of Endengered Fauna and Flora (CITES) को अनुसूचीमा परेका विरालो, बाँदर, घोरल, भालु प्रजातिहरू निम्न छन् । (विस्तृत विवरण अनुसूची १ मा उल्लेख छ ।)

| S.N. | English name | Scientific name | IUCN* | CITES# |
|---|---|---|---|---|
| 1 | Himalayan goral | *Naemorhedus goral* | *NT* | I |
| 2 | Jungle cat | *Felis chaus* | *LC* | |
| 3 | Clouded leopard | *Neofelis nebulosa* | *V* | I |
| 4 | Common leopard | *Panthera pardus* | *NT* | I |
| 5 | Leopard cat | *Prionailurus bengalensis* | *LC* | II |
| 6 | Himalayan black bear | *Ursus thibetanus* | *V* | I |
| 7 | Assamese monkey | *Macaca assamensis* | *NT* | II |
| 8 | Rhesus monkey | *Macaca mulata* | | II |
| 9 | Hanuman langur | *Semnopithecus entellus* | *LC* | I |

(विस्तृत विवरण अनुसूची १ मा उल्लेख छ ।)







शि.ना.रा.नि.मा क्यामेरा ट्रापमा परेको भालु र अनुगमनको क्रममा भेटिएको घोरल:

### १.३.२ पंक्षी (Avifauna)

रैथाने तथा वसाईसराई गरि आउने चराहरूले समेत प्राकृतिक वासस्थानको रूपमा प्रयोग गरेको पाईन्छ । यहाँ जम्मा ३११ प्रजातिका चराहरू अभिलेखितछन् तीमध्ये ११७ प्रजातिका वसाई सराई गरि आउने चराहरू पर्दछन् । यस निकुञ्जमा पाईने चराहरूमध्ये White backed vulture, Himalayan griffon, Black vulture, Beard vulture (Nepali & Suwal, 2007), Dark kite, Hen harrier, Northern goshwak, Sparrow hawk, Sikhra, Common buzzard, Asian black eagle, Steppe eagle (BPP, 1995) मुख्य हुन । यसको अतिरिक्त Falco severus, Common tailorbird, Orange bellied leafbird, Green Magpie, Blue-throated Flycatcher, Bushchat, White rumped vulture, Indian Cuckoo, Eurasian Cuckoo, Bulbul, Blue robbin, Swift, Warbler and Bablers, Kalij pheasant आदि महत्वपूर्ण छन् । नेपालको रैथाने चरा काँडे भ्याकुर/Spiny babbler *(Turdoides nipalensis),* / Nepal wren babbler (*Pnoepyga pusilla)* समेत यहाँ पाईन्छ ।

### १.३.३ सरिसृप तथा उभयचर (Herpetofauna)

यस निकुञ्जमा सरिसृपहरूको विस्तृत अध्ययन हुन नसके पनि गत वर्ष राजगोमन (King Cobra) समेत अभिलेखित हुनुलाई महत्वपूर्ण उपलब्धीको रूपमा हेरिएको छ । यसका साथै Himalayan pit viper, धामन, गोमन, पानीसाँप, चिचिण्डे सर्प लगायतका सर्पहरू पाईन्छ । अन्य सरिसृपहरूमा हरियो छेपारो (Green lizard) *Japalura variegata*, छेपारो (Garden lizard) , भानेमुंग्रो (Reeve'sSkink) *Scincella reevesii*, छिपकली (Gekkos) लगायतका छेपारा पाईन्छन् । यहाँ पाहा भ्यागुता, खस्रे भ्यागुता लगायतका उभयचरहरू समेत पाईन्छन् ।




फोटो : पहिलो पटक देखिएको राजगोमन

### १.३.४ किटपतंग (Insects)

यस निकुञ्जमा १०२ प्रजातिका पुतलीहरू रेकर्ड गरिएको छ, जसमध्ये Kaiser-I-hind butterfly (*Teinopalpus imperalis),* Susceptible endemic sub species of *Oryolyce verdhana nepalica*(Smith, 1996), Himalayan dragonfly (*Epiophlebia laidla* ) महत्वपुर्ण छन् ।

## १.४ जलश्रोत (Water resources)

यस निकुञ्जमा पहाडी भूभागवाट बग्ने स्थायी/अस्थायी नदी तथा खोलाहरू जस्ता सीमसार क्षेत्रहरू छन् । नेपालका महत्वपुर्ण सप्तकोशी, सप्तगण्डकी र वागमती नदी प्रणालीमायहांबाट निसृत हुने खोलाहरू गई मिसिन्छन् । धार्मिक महत्व रहेका वागमती र विष्णुमती नदीको उद्गम यही निकुञ्जमा पर्दछ । यीमध्ये अधिकांश सिमसार वागमती जलाधार भित्र पर्दछन् भने उत्तरी भाग त्रिशुली नदिमा र पुर्वी भागवाट ईन्द्रावती नदिमा मिसिन्छ । वागमती नदीमा मिसिने प्रमुख खोलाहरूमा वागमती, स्यालमती, नागमती, रूद्रमती (धोविखोला) विष्णुमती, अल्लेखोला आदि हुन भने त्रिशूली नदीमा मिसिने खोलाहरूमा चिसापानी खोला, ढुङ्गे खोला, रोह्ल्चे खोला, ककनी खोला प्रमुख छन् । यसको अतिरिक्त ईन्द्रावती नदीमा मिसिने खोलामा न्ह्यु खोला, ठाडोखोला, हैवुत्र खोला प्रमुख हुन् (SNNP, 2063/64 BS). उल्लिखित नदीहरूमध्ये वागमती नदी प्रणाली अन्तर्गतका खोला तथा खोल्सा खोल्सीहरूवाटवग्ने पानीले काठमाण्डौं उपत्यकाको ४० प्रतिशत खानेपानीको मागलाई आपूर्ति गर्दै आएको छ (NTNC, 2004)।

यस निकुञ्जबाट तत्कालीन खानेपानी संस्थान तथा हालको काठमाण्डौं उपत्यका खानेपानी लिमिटेड अन्तर्गतका विभिन्न रिजर्भ्वायरहरूबाट दैनिक खानेपानी संकलन तथा वितरण कार्य गरिरहेको छ । यस आ.व.मा शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जवाट नि:सृत (discharge) हुने पानीमध्ये यस निकुञ्जको प्रस्तावित मध्यवर्ती क्षेत्रका विभिन्न उपभोक्ता समितिमार्फत स्थानियस्तरमा खानेपानी आपूर्तिको लागि संकलन तथा पाईपलाईन मर्मत संभार गर्न अनुमति दिईएको छ । जसबाट उपभोक्ताहरू प्रत्यक्षरूपमा लाभान्वित भएका छन् । (यस वर्ष निकुञ्जको श्रोतबाट खानेपानी लैजाने उपभोक्ता समितिको विवरण अनुसूची ४ उल्लेख गरिएको छ)



धापपोखरी, सिक्रेखोलाको झरना, वाग्मतीनदी, रमणिचुड पोखरी

## १.५ भौतिक पूर्वाधार (Infrastructure)

शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज नेपालकै एकमात्र मानव निर्मित पर्खालले सिमाना घेरिएको राष्ट्रिय निकुञ्ज हो । शिवपुरी खण्डमा यसको लम्बाई १११ कि.मी. तथा नागार्जुन खण्डमा ३३.४ कि.मी. छ । यस निकुञ्जको शिवपुरी खण्डमा ९५ कि.मी. र नागार्जुन खण्डमा २९ कि.मी. कच्ची सडक रहेको छ । विशेष गरि पर्वतीय साईकल यात्राको लागि यो बाटो उपर्युक्त देखिन्छ । यसको अतिरिक्त निकुञ्जका ९ वटा प्रवेशद्वारहरूबाट निकुञ्जको विभिन्न क्षेत्र जोड्ने पदमार्गहरू समेत संचालनमा रहेका छन् । यस राष्ट्रिय निकुञ्जहुँदै विभिन्न गाउँहरूमा जाने प्रयोजनको लागी प्रस्तावित सुविधाप्राप्त गोरेटो/घोडटो बाटोहरू तथा पर्यटक पैदलमार्गहरू संचालनमा रहेका छन् । आन्तरिक तथा वाह्य पर्यटकहरूको सुविधाको लागी १८ वटा पिकनिक स्पट तथा क्याम्प साईटहरू संचालनमा छन् । निकुञ्ज सुरक्षाको लागी शिवपुरी क्षेत्रमा २२ स्थान तथा नागार्जुन क्षेत्रमा ८ स्थानमा सुरक्षा पोष्ट तथा निकुञ्ज कार्यालयहरू रहेकोमा हाल शिवपुरी क्षेत्रमा १२ वटा तथा नागार्जुन क्षेत्रमा ८ वटा मात्र सुरक्षा पोष्टसंचालनमा छन् । शिवपुरी क्षेत्रमा १० वटा सुरक्षापोष्टलाई पन:संचालनमा ल्याउन सकेमा निकुञ्जको संरक्षण वढि प्रभावकारी हुने अवस्था छ ।

## १.६ मृग अनुसन्धान केन्द्र तथा कालिज पालन केन्द्र

नेपाल सरकारको मिति २०४८ साल मंसीर १६ गतेको निर्णयानुसार नेपाल सरकार र University of Sydney/Dept. of Animal Health को संयुक्त प्रयासमा वि.सं. २०४९ माघमा ललितपुर जिल्लाको गोदावरीमा १० हेक्टर क्षेत्रफलमा मृग अनुसन्धान केन्द्रको स्थापना भई २०५० साल पौषदेखि अनुसन्धान कार्य थालनी भएको थियो । स्थापनाको सुरूमा उक्त केन्द्रमा कस्तुरी मृगको भ्रुणलाई रतुवा र चित्तलको गर्भमा राखी कस्तुरी मृगको प्रजनन् गर्ने उद्देश्य भए पनि विविध समस्याको कारण उक्त केन्द्रमा हाल अनुसन्धानकार्य संचालन कार्य वन्द भएको र त्यहाँ रहेका मृगहरू पालन गर्ने कार्य मात्र नियमित रूपमा भईरहेको छ ।

यस वर्षको अन्त्य सम्ममा अनुसन्धान केन्द्रमा रतुवाको भाले ३ तथा पोथी १२ र बच्चा १ गरि जम्मा १६ वटा तथा चित्तलको भाले १५, पोथी २० तथा वच्चा ४ गरि जम्मा ३९ वटा रहेका छन् । यसैगरि नागार्जुन वन क्षेत्रको रानीवनमा सुनौलो कालिज पालन गर्दै आएकोमा नागार्जुन वन क्षेत्र शिवपुरी राष्ट्रिय निकुञ्जमा गाभिएपछि यस राष्ट्रिय निकुञ्ज कार्यालयद्वारा व्यवस्थापन हुँदै आएको छ । हाल पालन केन्द्रमा ९९ वटा भाले, ६७ वटा पोथी र ५ वटा चल्ला गरी जम्मा १७१ वटा सुनौलो कालिज रहेका छन् । (विस्तृत विवरण अनुसूची ३ मा उल्लेख गरिएको छ ।)

# परिच्छेद २

## २.१ बजेट शीर्षक बमोजिम संचालित कार्यक्रमहरुको प्रगति विवरण

### २.१.१ राष्ट्रिय निकुञ्ज आयोजना (३२९११५-३|४)

#### *२.१.१.१ पुंजीगत तर्फका कार्यक्रमहरु (३२९११५४)*

**भौतिक पूर्वाधार निर्माण सुधार :**

चालु आ.व.मा पोष्ट भवन निर्माणको लागि वजेट विनियोजन भएकोमा वोलपत्र आव्हान गरी यस निकुञ्ज क्षेत्रको ककनीमा ३ कोठे (शौचालय सहित) पोष्ट भवन तथा गुर्जे भञ्ज्यांग स्थित भान्छाघर निर्माण कार्य सम्पन्न गरियो । सूचना केन्द्र ब्यवस्थापनको लागि वजेट विनियोजन भएको थियो । उक्त रकमबाट सूचना केन्द्रको फिनिसिंग कार्य तथा रंग लगाउने र बाहिरपट्टी ढलान तथा वाल लगाउने कार्य सम्पन्न भएको छ । शौचालन निर्माणको लागि वजेट विनियोजन भएकोमा मृग अनुसन्धान केन्द्र, गोदावरीमा शौचालय निर्माण गरियो । यसै वर्ष रविस पिट (सिमेण्टको रिंग) निर्माण गरी विभिन्न पोष्टहरूमा फोहोर संकलन तथा ब्यवस्थापन गर्नको लागि पुऱ्याईयो ।

#### *२.१.१.२ चालू तर्फका कार्यक्रमहरु (३२९११५३)*

**संरक्षण शिक्षा/जनचेतना अभिवृद्धि कार्यक्रम :**

राष्ट्रिय निकुञ्ज आसपासका समुदाय, लाईन एजेन्सी लगतयतका लक्षित वर्गहरूलाई संरक्षित क्षेत्रको महत्व तथा आवश्यकता सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने अभिप्रायले विगतका वर्षहरूमाभैं यस वर्ष पनि दिवस समारोह, जैविक विविधता संरक्षण सम्बन्धी स्कुल कार्यक्रम/समन्वय वैठक तथा अर्न्तक्रिया, निकुञ्ज भित्र सरसफाई जस्ता कार्यक्रमहरू संचालन गरिएको थियो ।

**बासस्थान ब्यवस्थापन :**

शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज सिमाना पर्खालले घेरिएको नेपालकै एकमात्र संरक्षित क्षेत्र हो । यो निकुञ्ज काठमाण्डौंमा पानीको आपूर्तिको लागि मुख्य श्रोत भएको तथा मानव बस्तीबाट नजिकैको क्षेत्र भएकोले मानव र वन्यजन्तू बिचको द्वन्द्व न्यूनिकरण तथा वनको संरक्षण गर्ने उद्देश्यले पर्खालले घेरिएको हो । तर उक्त पर्खालहरू हाल धेरै ठाँउहरूमा भत्किएको र बाँकी भाग पनी जीर्ण अवस्थामा छन् । सोही संरक्षण पर्खाल ब्यवस्थापन तथा मर्मतको लागि यस वर्ष वजेट निकासा भएकोमा यस निकुञ्ज क्षेत्रको नागार्जुनमा करिव १५० मिटर पर्खाल मर्मत गर्ने काम सम्पन्न गरियो ।

यस जंगलमा भएका विभिन्न प्रजातिहरूको संरक्षण साथै वन्यजन्तु र वन्यजन्तुको वासस्थानलाई कुनै किसिमको हानी नोक्सानी नपुऱ्याउनको लागि डढेलो नियन्त्रण सम्बन्धी तालीम तथा कार्यक्रमहरू

संचालन गरियो । साथै यहाँ रहेका वनभोज स्थल (Picnic Spot) हरूको मर्मत तथा व्यवस्थापन गर्ने कार्य समेत यसै वर्ष सम्पन्न गरियो ।

**प्रजाति संरक्षण तथा अनुसन्धान :**

शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जमा रहेका संरक्षित तथा संकटापन्न जनावरहको अभिलेखिकरण गर्ने तथा अवस्था पत्ता लगाउने उद्देश्यले यस वर्ष घोरल अनुगमन गरियो । साथै निकुञ्जको प्रस्तावित मध्यवर्ती क्षेत्रका गा.वि.स.हरूमा वन्यजन्तुबाट भएको हानी नोक्सानीको अध्ययन समेत गरिएको थियो ।

**चोरी शिकार नियन्त्रण :**

वन्यजन्तुको चोरी शिकार नियन्त्रण तथा वनपैदावारको हानी नोक्सानी जस्ता कार्यहरूलाई रोक्न तथा कम गर्नको लागि चोरी शिकार नियन्त्रण अप्रेशन गस्ती/स्वीप अप्रेशन तथा विभिन्न लाईन एजेन्सीहरूसँको सहकार्यमा नागार्जुन क्षेत्रको छत्रेदेउराली तथा सुन्दरिजल क्षेत्रको मुलखर्क लगायतका ठाँउहरूमा सो सम्बन्धी समन्वय वैठक एवं अर्न्तक्रिया कार्यक्रम संचालन गरियो । उपरोक्त बमोजिमको कसुरसँग सम्बन्धीत मुद्दाहरूको अनुसन्धान तथा तहकिकात गरी मुद्दा दायर गर्ने कार्य समेत सम्पन्न गरिएको थियो । कम विगो तथा कसुरको मात्रा कम भएको उजुरीको हकमा अनुसन्धान तथा तहकिकात गरी ठाडो कारवाहीबाट उजुरीको टुंगो लगाईयो । १२३ जना महिला र २८ जना पुरूषलाई पक्राउ गरी ९४ वटा हसिया, ६४ वटा नाम्लो तथा ३ वटा वन्चरो बरामद गरिएको थियो । (मुद्दाको विस्तृत विवरण अनुसूची ६ मा उल्लेख छ ।)

**क्षमता विकास/दक्षता अभिवृद्धि कार्यक्रम :**

कार्यालयको दैनीक कामकाजमा कर्मचारीको क्षमता तथा दक्षताले समेत महत्वपूर्ण भुमिका खेलेको हुन्छ । सोही क्षमता/दक्षतालाई अभिवृद्धि गर्ने अभिप्रायले यस निकुञ्ज अर्न्तगत रहेको प्रत्येक पोष्टहरूमा मुख्यालयबाट कर्मचारीहरू गई त्यहाँ कार्यरत गेमस्काउट र सेनाका ब्यक्तिहरूलाई पुर्नताजगी तथा डढेलो व्यवस्थापन सम्बन्धी तालीम प्रदान गरिएको थियो ।

**संरक्षित क्षेत्र व्यवस्थापन :**

हालसम्म शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जको मध्यवतीक्षेत्र (Buffer Zone) घोषणा नभएकोले सो कार्य गर्नको लागि वजेट विनियोजन भएकोमा यस कार्यालयबाट निकुञ्जको सिमानामा पर्ने सम्पूण क्षेत्र तथा गा.वि.स.हरूको जनसंख्या, जि.पि.एस.बिन्दु तथा अन्य आवश्यक तथ्यांक संकलन गरी निर्णयको लागि माथिल्लो निकायमा पेश गरिएको छ ।

साथै गस्तीको क्रममा पक्राउ परेका वन पैदावारहरूबाट वरामद गरिएको विभिन्न हातहतियार तथा अन्य वन्दोवस्तीका सामाग्रीहरूको व्यवस्थापन गर्न कार्य पनि सम्पन्न भयो ।

शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जको मुख्यालय लगायत सम्पूर्ण पोष्टहरू समेत संरक्षण पर्खाल भित्र भएकोले त्यहाँ रहेका रूखहरूले कार्यालय, कर्मचारी तथा सेवाग्राहीमा पर्न सक्ने जोखिमलाई

मध्यनजर गरी कार्यालय आसपासमा भएको जोखिमयुक्त रूखहरूलाई हटाउने तथा छाँटकाट गर्ने कार्य सम्पन्न गरियो ।

यसै वर्ष शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जको नियमावली तयारी तथा तयार भएका मस्यौदाको परिमार्जन गर्ने कार्यको लागि सिन्धुपाल्चोक, नुवाकोट, धादिङ र काठमाण्डौं समेत जिल्लाका निकुञ्जसीमा सँग सिमाना जोडिएका गा.वि.स.हरूबाट स्थानीय वुद्धिजिवी, राजनैतीक दलका प्रतिनिधि, समाजसेवी, गा.वि.स.सचिव समेत उपस्थित गराई सुझाव संकलन गर्न काठमाण्डौंको सुन्दरिजल गा.वि.स. र धादिङको छत्रेदेउराली गा.वि.स.मा अर्न्तक्रिया कार्यक्रम संचालन गरी सुविधाप्राप्त बाटो, संरक्षण गर्नु पर्ने मठ मन्दिर, देवालय आदिको तथ्यांक लिने र सुझाव संकलन गर्ने कार्य सम्पन्न भयो ।

**मानव वन्यजन्तुको द्वन्द्व न्यूनीकरण :**

निकुञ्ज क्षेत्रबाट बाहिर निस्किएका, चोरी शिकार गर्ने उद्देश्यले लैजादै गर्दा पक्राउ गरी फेला परेका, एक आपसको द्वन्द्वले घाँईते भएका तथा कुनै संकटमा परेका वन्यजन्तुहरूलाई आफ्नो प्राकृतिक बासस्थानमा सकुशल उद्धार गर्ने उद्देश्यले वन्यजन्तुहरू फेला परेकै वखत आपतकालीन उद्धार गर्ने कार्य गरियो ।

**वन्यजन्तु अपराध नियन्त्रण कार्यक्रम :**

वन्यजन्तुको अपराध नियन्त्रण कार्यलाई प्रभावकारी वनाउन यसको ईकाई ब्युरो संचालनको सन्दर्भमा काठमाण्डौं जिल्ला स्थित विभिन्न कार्यालयहरू केन्द्रीय वन्यजन्तु अपराध नियन्त्रण ईकाई, नेपाल प्रहरी केन्द्रीय अनुसन्धान व्यूरो, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, जिल्ला वन कार्यालय, जिल्ला सरकारी वकिल कार्यालय, जिल्ला प्रहरी कार्यालय, निकुञ्ज सुरक्षार्थ तैनाथ दुईवटा भैरव प्रसाद र रणवम गण, शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज समेतका कार्यालयहरूबाट प्रमुख अतिथि, आमन्त्रित प्रतिनिधि, सहभागी प्रतिनिधिहरूको उपस्थित रहने गरी उक्त कार्यालयहरूको निकुञ्जक्षेत्रको सिमासँग पर्ने ईलाका कार्यालयहरू एवं सुरक्षा पोष्टबाट प्रतिनिधि सहभागी गराई निकुञ्ज कार्यालय पानीमुहान स्थित वैठक हलमा काठमाण्डौं जिल्ला स्तरिय वन्यजन्तु अपराध नियन्त्रण समन्वय वैठक आयोजना भयो ।

साथै हालसम्म दर्ता भएका मुद्दाहरूलाई अभिलेखिकरण गरी डाटाबेसको तयार गरी छपाईको कार्य समेत गरियो ।

**सूचना प्रविधि :**

अहिलेको समय सूचना प्रविधिको समय हो । सोही समयलाई मध्यनजर गर्दै यस कार्यालयको वेभसाईट निर्माण, होस्टिंग तथा संचालन गरिएको । कार्यालयमा ईन्टरनेट संचालनका लागि जडान गरिएका सामाग्रीहरू (स्वीच, मोडेम, RJ11, केवल तार लगायत) पुराना तथा जीर्ण भई ईन्टरनेटको गतीमा ह्रास आएकोले सो सामानहरू परिवर्तन गरी नयाँ सामान राखिएको थियो ।

**छपाई तथा प्रकाशत :**

वर्षभरी गरिएका कामहरूको समीक्षा तथा वार्षिक प्रगतिको एकमुण्ट प्रारूप तयार गरी विगतका वर्षहरूमाझैं यस वर्ष पनि **बार्षिक प्रगति प्रतिवेदन २०७०/७१** प्रकाशन गरिएको छ ।

**भौतिक पूर्वाधारको मर्मत सुधार :**

निकुञ्ज कार्यालय र यस अर्न्तगत रहेका सेक्टर तथा पोष्टहरूको मर्मत तथा संभार गर्ने काम सम्पन्न गरिएको छ । पानीमुहान देखि टोखा हुँदै गुर्जे (करिव ७ कि.मि.) तथा गुर्जेबाट सुईरेचौर हुँदै ककनी (करिव ६ कि.मि.) सम्म जोडने मोटर बाटो झाडी वुट्यान तथा पहिरोले गर्दा जीर्ण भएकोमा सोको मर्मत/संभार गरी गाडी आवत जावत गर्न सक्ने अवस्थामा ल्याईएको छ । यसै कार्यालय अर्न्तगत रहेको मृग अनुसन्धान केन्द्र, गोदावरी र सुनौलो कालीज पालन केन्द्र, रानीवनको मर्मत संभार गरी मृग तथा चराहरूलाई सुरक्षित गरिएको छ ।

**विविध :**

यस वर्ष गरिएका सम्पूण कार्यक्रमहरूको अनुगमन तथा मूल्यांकन, पर्यटन/पर्यटक व्यवस्थापन लगायतका कामहरू सम्पन्न भयो ।

# परिच्छेद ३

## ३.१ शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज कार्यालयको सांगठानिक ढाँचा


### ३.१.१ दरवन्दी विवरण :

राष्ट्रिय निकुञ्ज घोषणा हुनु पुर्व यो क्षेत्र जलाधार संरक्षण क्षेत्रको रूपमा रहेको थियो तर मिति २०५८ फागुन ६ गतेको राजपत्रअनुसार यसलाई राष्ट्रिय निकुञ्ज घोषणा गरी शिवपुरी राष्ट्रिय निकुञ्ज नामाकरण गरियो पुन: मिति २०६५ साल फागुनमा नागार्जुन क्षेत्रसमेत यसै क्षेत्रमा गाभि शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज बनाईयो । हाल यस निकुञ्ज कार्यालयमा जम्मा ५४ जनाको दरवन्दी रहेको छ । कर्मचारीहरूको श्रेणीगत विवरण र दरवन्दी संख्या निम्नानुसार रहेको छ ।

| सि.नं | पदनाम | श्रेणी | सेवा | समुह | संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | प्रमुख संरक्षण अधिकृत | रा.प.द्वि.प्रा. | वन | ने.पा.वा.ला | १ | |
| २ | सहायक संरक्षण अधिकृत | रा.प.तृ.प्रा. | वन | ने.पा.वा.ला | ५ | |
| ३ | भूसंरक्षण अधिकृत | रा.प.तृ.प्रा. | वन | स्व.एण्ड वा.क. | १ | |
| ४ | ईन्जिनियर | रा.प.तृ.प्रा. | ईन्जिनियरिंग | सिभिल ज. | १ | |
| ५ | लेखा अधिकृत | रा.प.तृ. | प्र. | लेखा | १ | |
| ६ | शाखा अधिकृत | रा.प.तृ. | सा.प्र. | प्रशासन | १ | |
| ७ | रेञ्जर | रा.प.अनं.प्र.प्रा. | वन | ने.पा.वा.ला | १ | |
| ८ | रेञ्जर | रा.प.अनं.प्र.प्रा. | वन | ज.फ. | १ | |
| ९ | सव.ईन्जिनियर | रा.प.अनं.प्र. | ईन्जिनियरिंग | सिभिल ज. | १ | |
| १० | कम्प्यूटर अपरेटर | रा.प.अनं.प्र. | विविध | विविध | १ | |
| ११ | नायव सुब्बा | रा.प.अनं.प्र. | प्रशासन | सा.प | १ | |
| १२ | नायव सुब्बा (कानून) | रा.प.अनं.प्र. | न्याय | कानून | १ | |
| १३ | खरिदार | रा.प.अनं.द्वि. | प्रशासन | सा.प्र. | ५ | |
| १४ | सिनियर गेमस्काउट | रा.प.अनं.तृ.प्रा. | वन | ने.पा.वा.ला. | ४ | |
| १५ | वन कार्य सहायक (फरेष्टर) | रा.प.अनं.तृ.प्रा. | वन | ज.फ. | २ | |
| १६ | गेमस्काउट | श्रेणीविहिन | वन | ने.पा.वा.ला. | २० | |
| १७ | वन रक्षक | श्रेणीविहिन | | | ५ | |
| १८ | कार्यालय सहयोगी | श्रेणीविहिन | | | २ | |
| | जम्मा | | | | ५४ | |

द्रष्टब्य : हाल यस निकुञ्जको शिवपुरी क्षेत्रमा श्री रणवम गण तथा नागार्जुन क्षेत्रमा श्री भैरव प्रसाद गण निकुञ्ज सुरक्षार्थ कार्यरत छ ।

## ३.१.२ शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जको सांगठानिक ढाँचा :



# परिच्छेद ४


## ४.१ राजश्व/पर्यापर्यटन


### ४.१.१ राजश्व विवरण :

यस कार्यालयले निकुञ्जको संरक्षणको साथसाथै पर्यटक तथा अन्य विभिन्न शिर्षकबाट गैरकर राजश्व संकलन गर्ने कार्य पनि गर्दछ । विगत वर्षहरूमाभ्रै यस वर्ष पनि विभिन्न प्रवेशद्वारहरूबाट राजश्व संकलन गरियो । यस आ.व.मा जम्मा रू १ करोड ३ लाख ११ हजार ८ सय ३८ रूपैंया ८६ पौसा राजश्व संकलन भएको थियो । राष्ट्रिय निकुञ्ज घुम्न आएका पर्यटक, सवारी साधन, माउन्टेन बाईक, मुभि क्यामेरा, दण्ड जरिवाना, रक क्लाईम्बिंग लगतयतका शीर्षकहरूबाट राजश्व संकलन भएको थियो भने पर्यटक प्रवेश र सवारी साधन प्रवेश शुल्क राजश्व आम्दानीको मुख्य श्रोत रहेको थियो । विष्तृत विवरण तलको तालिकामा तथा स्तम्भ चार्टमा उल्लेख गरिएको छ । (राजश्व संकलनको दररेट अनुसूची ८ मा उल्लेख छ।)

**आ.व. २०७०।७१ मा शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जले उठाएको राजश्व विवरण**


| महिना | राजश्व शीर्षक | | | | | | | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | नेपाली पर्यटक | विदेशी पर्यटक | सवारी साधन | माउन्टने बाईकिंग | मुभि क्यामेरा | क्याम्पिंग | दण्ड जरिवाना | छांगो खेल | ढुंगा संकलन | रक क्लाईम्बिंग | वेरूजु फछ्यौंट | अन्य | जम्मा | |
| श्रावण | ११५९९० | १०९५०० | ३९२०० | ३११० | ० | ० | १८५० | १८१०० | ० | ० | ० | ० | २८७७५० | |
| भाद्र | १४५९८० | २९६५०० | ३०१६१५ | २७४३० | ६००० | ० | ३८०० | १२१०० | २४०९३ | ० | ० | ० | ८१७५१८ | |
| आश्विन | ९२२३० | ३९९००० | २८३१०५ | ५५६८५ | ० | ८०० | १०२५० | २४२०० | ० | ० | ० | ० | ८६५२७० | |
| कार्तिक | १०७६०० | ६०६७५० | १८०१३० | ६४१९५ | ३००० | १८०० | १२९२५ | ० | ० | २३८०० | १३४७० | ० | १०१३६७० | |
| मार्ग | ९१८६० | ४३२२५० | २२८५४० | ३६०३० | ६००० | ८०० | १३४०० | ६८०० | ० | ३२००० | ० | ० | ८४७६८० | |
| पौष | १३६४३० | ३११५०० | ३१३५९५ | ४५९२२ | ० | ४१०० | २५२४० | २२०० | ० | २१२९० | ० | २०६०० | ८८०८७७ | अन्यमा दरभाउपत्र विक्रि |
| माघ | १२४०२० | २५३००० | ३०१४६५ | ३१३४६ | ३००० | १३०० | १२६०० | १९०० | ० | ७७०० | ० | ० | ७३६३३१ | |
| फाल्गुण | १२३६०० | ३२३५०० | ३२२९४५ | ३५५७२ | ० | १६०० | ७६०० | १४०० | ४१९२।३० | १२१०० | ० | | ८३२५०९।३० | |
| चैत्र | १७६००० | ५८२७५० | २२६६१० | ६५९५४ | ३००० | ३०० | २११२५ | ९२०० | २२८८२।५० | १७५०० | ० | २८४५६ | ११५३७७७।५० | अन्यमा रूख कटानी |
| वैशाख | १७८१५० | ४७६५०० | २७२३०६ | १८८२५ | ० | १०० | ३४५० | १५२०० | ० | ९०८० | ० | ० | ९७३६११ | |
| जेष्ठ | १६८५३० | ३१७५०० | ३९७३६० | ३०८०६ | ० | २०० | २१३७० | २५०० | ० | ३८८०० | ० | ० | ९७७०६६ | |
| आषाढ | १६७६१० | २४३५०० | ३२१४०५ | ४११४२ | ० | ० | २६६५० | २२०० | ११४०९८।०६ | ९१७४ | | | ९२५७७९।०६ | |
| **जम्मा** | **१६२८०००** | **४३५२२५०** | **३१८८२७६** | **४५६०१७** | **२१०००** | **११०००** | **१६०२६०** | **९५८००** | **१६५२६५।८६** | **१७१४४४** | **१३४७०** | **४९०५६** | **१०३११८३८।८६** | |



आ.व.२०७०।०७१ मा यस कार्यालयले संकलन गरेको मासिक राजश्व
१४०००००
१२०००००
१००००००
८०००००
६०००००
४०००००
२०००००
०
रकम रु.
२८७७५०
८१७५१८
८६५२७०
१०१३६७०
८४७६८०
८८०८७७
७३६३३१
८३२५०९।३०
११५३७७७।५०
९७३६११
९७७०६६
९२५७७९।०६
श्रावण
भाद्र
आश्विन
कार्तिक
मार्ग
पौष
माघ
फाल्गुण
चैत्र
वैशाख
जेष्ठ
आषाढ
महिना


विभिन्न शीर्षकबाट उठेको बार्षिक राजश्व
५००००००
४५०००००
४००००००
३५०००००
३००००००
२५०००००
२००००००
१५०००००
१००००००
५०००००
०
रकम रु.
१६२८०००
४३५२२५०
३१८८२७६
४५६०१७
२१०००
११०००
१६०२६०
९५८००
१६५२६५।८६
१७१४४
१३४७०
४९०५६
नेपाली पर्यटक
विदेशी पर्यटक
सवारी साधन
माउन्टने बाईकिंग
मुभि क्यामेरा
क्याम्पिंग
दण्ड जरिवाना
छांगो खेल
ढुंगा संकलन
रक क्लाईम्बिंग
वेरूजु फछ्र्यौट
अन्य
राजश्व शिर्क्षक

### ४.१.२ *पर्यटक विवरण*

